## प्रश्न नं. ३६

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.४२७० देखि ४३९१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

दिपक अलीको जाहेरीले नेपाल सरकार

विरूद्ध

तिलोत्तामा न.पा. १० बस्ने कर्ण बहादुर क्षेत्री

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मेरो छोरी वर्ष २५ की माया अली हस्पीटल प्रा.ली बुटवलमा स्टाफ नर्समा सेवारत रहेको र वर्ष २९ को कर्ण बहादुर क्षत्री पनि सोही अस्पतालमा चिकित्सकको रुपमा सेवारत रहेकामा दुवै जना एक अर्का प्रति माया प्रेम गर्दथे । यस्तैमा ०७५।८।१ गतेका दिन तिलोत्तमास्थित मेरो छोरी बस्ने घर कोठामा गइ मेरो छोरीको पेटमा छुरा रोपी मरणासन्न अवस्था गराएको र कर्ण बहादुर क्षेत्री पनि आफनो पेटमा छुरा रोपी मरणासन्न अवस्थामा रहेको भेटाई तत्काल उपचार गर्दा गर्दै मेरो छोरी मरेको र कर्ण बहादुर खतरामुक्त रहेको हुदाँ मेरो छोरीलाई कर्ण बहादुर क्षेत्रीले छुरा हानी मारेकोले निजलाई पक्राउ गरी कानुन बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको दिपक अलीले जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा दिएको जाहेरी दरखास्त ।

- मृतक माया अलिको पेटमा २ ठाउँमा छुरा हानेको दाग रहेको र छुरी नै पेटमा रहेका भन्ने समेत व्यहोराको पोष्टमार्टम रिपोर्ट ।
- बुटबल तिलोत्तमास्थित माया अलीको घरको दोस्रो तलाको बैठक कोठामा माया अलीको पेटमा छुरी रोपिएको , कपडा र कोठामा रगत लतपतीएको र सोहि बैठक कोठामा कर्ण बहादुर क्षेत्री पनि छुरीबाट घाइते भै छटपटाईरहेको अवस्थामा भेटाएको भन्ने समेत व्यहोराको लास जाच एवम घटनास्थल मुचुल्का रहेको ।
- म एम.डी उर्तिण भै हस्पीटल प्रा.ली मा विगत २ वर्षदेखि सेवारत रहदै आएको र मर्ने माया अली पनि सोही हस्पीटल प्रा.लीमा २ वर्ष देखी नै स्टाफ नर्समा सेवारत रहदै आएकोमा हामी दुवैको बिच गहिरो प्रेम सम्बन्ध रहेको र माया अली मुस्लीम धर्म मान्ने र म हिन्दु धर्म मान्ने भएको कारण मायाको बाबुआमाले विवाह गर्न मन्जुरी नदिएको कारण हामी दुवैको पारस्परिक सर सल्लाह अनुसार दुई वटा छुरी किनी आ आफुले ,आ आफुलाई छुरी हानी मार्ने निर्णय भए बमोजिम आत्महत्या गर्ने योजना अनुसार घटना भएको हो भन्ने समेत व्यहोराको कर्ण बहादुर क्षेत्रीको अनुसन्धान अधिकारी समक्ष भएको बयान ।
- वस्तुस्थिती मुचुल्कामा बस्ने हरि अली , धर्म विर अली समेतले कर्ण बहादुर क्षेत्रीले माया अलीलाई छुरी हानी मारेको हुदाँ ज्यान मुद्दामा सजाय गरी पाउँ भनी गरेको मौकाको कागज ।
- कर्ण बहादुर क्षेत्रीले माया अलीलाई छुरी हानी मारेको कुरा जाहेरी दरखास्त,अनुसन्धान अधिकारी समक्ष भएको बयान, पोष्टमार्टम रिपोर्ट, मौकामा बुझिएका व्यक्तिको भनाईबाट पुष्टी भएको हुदाँ निजलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग पत्र ।
- प्रतिवादीको अदालतमा ईन्कारी बयान
- रुपन्देही जिल्ला अदालतबाट भएको फैसला
- दाङ उच्च अदालतमा प्रस्तुत गरेको पुनरावेदन पत्र